World Vision

## वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

# बाल स्पोन्सरशीप कार्यक्रमको जानकारी



## बाल स्पोन्सरशीपले के गर्छ ?

- बाल स्पोन्सरशीप वर्ल्ड भिजन इन्टरनेशनल नेपालको कार्यक्षेत्रमा भएका बालबालिका र स्पोन्सर (दाता) बीच उनीहरूको समुदायमा अति जोखिममा परेका र विपन्न बालबालिकाहरूको समृद्धिको लागि गरिने एक प्रकारको साझेदारी हो । बालबालिका तथा उनीहरूको परिवारलाई उनीहरूले भोगिरहेका समस्याहरूको पहिचान गर्ने, तिनको प्राथमिकीकरण गर्ने कार्यका साथै निर्णय प्रक्रियामा पनि सहभागी गराईन्छ । वर्ल्ड भिजनले साझेदारहरूसँग मिलेर बालबालिका, उनीहरूको परिवार तथा समुदायको जीवनस्तरमा सुधार ल्याउन र दिगो समृद्धिको लागि समुदायमा आधारित बालबालिका केन्द्रित विकासका कार्यक्रमहरु संचालन गर्दछ । यस प्रकार स्पोन्सर (दाता) हरूले दिएका सहयोग रकम एक परिवार वा व्यक्तिका लागि मात्र नभई सम्पूर्ण समुदायको हित हुने विकासका कार्यक्रमहरूको लागि प्रयोग गरिन्छ । स्पोन्सरहरु ती कार्यक्रमहरु मार्फत बालबालिका, तिनका परिवार तथा समुदायमा आएको सकारात्मक र गुणस्तरीय परिवर्तन हेर्न चाहन्छन् ।

- बाल स्पोन्सरशीप कार्यक्रममा स्पोन्सर (दाता) र स्पोन्सर भएका बालबालिका बीच चिठीपत्र, फोटो र भिडियो मार्फत एक अर्काको संस्कृति बुझ्ने, स्पोन्सर (दाता) ले बालबालिकाको समुदायको विकास आवश्यकताहरूको बारेमा थाहा पाउने तथा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले गरेका कार्यक्रमहरु मार्फत बालबालिका, तिनका परिवार र समुदायमा आएको सकारात्मक र गुणस्तरीय परिवर्तन सुन्ने र देख्ने अवसर प्राप्त हुन्छ । यी सबै प्रक्रियाहरूमा वर्ल्ड भिजनले सहजीकरण गर्ने कार्य गर्दछ ।

## बाल स्पोन्सरशीपले के गर्दैन ?

- बाल स्पोन्सरशीप कार्यक्रमले छात्रवृत्ति प्रदान गर्ने, विद्यालय शुल्क तिरिदिने जस्ता प्रत्यक्ष आर्थिक सहायता गर्दैन । यस कार्यक्रम अन्तर्गत स्पोन्सरले बालबालिकालाई धर्मपुत्री/धर्मपुत्रको रूपमा अपनाउने कार्य गर्दैन ।
- बाल स्पोन्सरशीप कार्यक्रमले बालबालिका, परिवार र समुदायको धर्म, संस्कृतिलाई प्रभावित पार्ने कार्य गर्दैन ।

## स्पोन्सरशीप कार्यक्रममा बालबालिका दर्ता प्रक्रिया र दर्ता गरिएका बालबालिका [RC-Registered Children] को हुन् ?

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको बाल स्पोन्सरशीप कार्यक्रम अन्तर्गत समुदायको नेतृत्वमा अति जोखिममा परेका विपन्न परिवारका बालबालिकाहरूको पहिचान गरिन्छ । तिनै बालबालिकाहरु मध्येबाट बाल स्पोन्सरशीप कार्यक्रमको लागि समुदायको प्रतिनिधित्व गर्ने गरी बालबालिकाहरूको छनौट गरी सूची तयार गरिन्छ । यसरी समुदायबाट तयार गरिएको सूचीमा आवश्यक छलफल गरी स्थानीय सरकारद्वारा अनुमोदन गर्ने कार्य हुन्छ । उक्त अनुमोदित सूची अनुसार नै बाल स्पोन्सरशीपको लागि बालबालिका दर्ता गरिन्छ । तिनै दर्ता गरिएका बालबालिकाहरु नै दर्ता बालबालिका (RC) हुन् ।

समुदायका यस्ता बालबालिकाहरु प्रायः अति जोखिममा रहेका विपन्न परिवारका हुन्छन् र उनीहरु कुपोषण, बाल विवाह, बाल श्रम, मानव बेचबिखन, बाल दुर्व्यवहार र बाल शोषणको जोखिममा रहेका हुन्छन् । यस्ता परिवारहरूलाई अति विपन्नताका कारण आफ्ना सन्तानहरूको गुणस्तरीय जीवनको आधारभूत आवश्यकताहरु पूरा गर्न पर्याप्त स्रोतको कमी, सामाजिक विभेदीकरण, वञ्चितिकरण र विपद्को जोखिमले असर गरिरहेको हुन्छ ।

## स्पोन्सर (दाता) को हुन् ?

स्पोन्सरहरु विभिन्न देशका सामान्य नागरिकहरु हुन्, जो अति विपन्न बालबालिका, तिनका परिवार र समुदायलाई सहयोग गर्न ईच्छुक हुन्छन् । तिनै स्पोन्सरहरुले गरेका सहयोग रकमबाट संचालन भएका समुदाय विकासका कार्यक्रमहरुबाट बालबालिकाको जीवनमा आएको परिवर्तनलाई हेरेर स्पोन्सरहरु (दाता) ले समुदायमा भएको परिवर्तन थाहा पाउँदछन् ।

## बाल स्पोन्सरशीपको लागि सूचना संकलन

वर्ल्ड भिजनको बाल स्पोन्सरशीप कार्यक्रमको लागि बालबालिका, तिनका परिवार र समुदायमा वर्ल्ड भिजनले सूचना संकलन गर्नुपर्ने हुन्छ । यसरी संकलन गर्नुपर्ने सूचना अन्तर्गत बालबालिका तथा तिनका समुदायको फोटो, भिडियो, केही अवस्थामा बालबालिकाको स्वास्थ्य तथा शिक्षा सम्बन्धी महत्वपूर्ण सूचनाहरु पर्दछन् । यी सूचनाहरु स्पोन्सरशीप कार्यक्रमको लागि अति नै महत्वपूर्ण हुन्छन्, यसले हामीलाई समुदायका बालबालिकाहरुको जीवनस्तरमा सुधार ल्याउनको लागि आवश्यक कार्यक्रमहरु तय गर्न मद्दत गर्दछ ।

यी सूचनाले स्पोन्सरलाई यस कार्यक्रममा सहयोग गर्नका लागि उत्प्रेरणा प्रदान गर्दछ र उनीहरुलाई सुसूचित भईराख्न पनि सहयोग पुऱ्याउंदछ । एकीकृत विकासका कार्यक्रमहरुबाट बालबालिकाको जीवनमा आएको परिवर्तनलाई वर्ल्ड भिजनले नियमित रुपमा वार्षिक प्रगति प्रतिवेदन, चिठ्ठीपत्रहरु तथा फोटो र भिडियोहरु मार्फत स्पोन्सरलाई जानकारी गराउने कार्य गर्दछ । यसर्थ बालबालिकाको तथ्यपूर्ण सूचनाहरु संकलन गर्नु र स्पोन्सरसम्म पुऱ्याउनु वर्ल्ड भिजन र यसको स्थानीय साझेदार संस्थाहरुको एक महत्वपूर्ण दायित्व हो । वर्ल्ड भिजनले बालबालिका तथा समुदायको सूचना तथा जानकारीहरु संकलन गर्दा आफ्ना कार्यक्रमहरु संचालन गर्नको लागि अति आवश्यक पर्ने तथ्याङ्कहरु मात्रै संकलन गर्दछ । साथै ती सूचना तथा जानकारीहरु गोप्य र सुरक्षित राख्नको लागि उपयुक्त कदमहरु चालिएको हुन्छ ।

## दर्ता गरिएका बालबालिका [RC-Registered Children] को नियमित अनुगमन

वर्ल्ड भिजनले दर्ता गरिएका बालबालिकाका साथै अति जोखिममा रहेका समुदायका अन्य विपन्न बालबालिका, तिनका परिवार र समुदायको विकासको लागि आफ्ना स्थानीय साझेदार संस्थाहरूबाट सञ्चालित एकीकृत कार्यक्रमहरु मार्फत विशेष ध्यान दिन्छ । तसर्थ, परियोजनाद्वारा सञ्चालित सबै क्रियाकलापहरूले त्यस्ता वर्गलाई समेट्नु पर्दछ । वर्ल्ड भिजन र यसका स्थानीय साझेदार संस्थाका कर्मचारीहरूले समुदायमा रहेका दर्ता गरिएका बालबालिकाको अवस्थाको नियमित अनुगमन (प्रत्येक ९० दिनमा) गर्ने, उपयुक्त तथा आवश्यक सहयोग गर्ने र आफू गएको रेकर्ड अनुगमन पूस्तिकामा भर्ने कार्य अनिवार्य रूपले गर्नु पर्दछ । यस कार्यले दर्ता भएका बालबालिकाको अवस्थाबारे समयमै जानकारी प्राप्त गरी आवश्यक सहयोग पुऱ्याउन मद्दत गर्दछ । बाल स्पोन्सरशीप अनुगमन एउटा यस्तो प्रक्रिया हो, जसद्वारा बाल स्पोन्सरशीप कार्यक्रमले बालबालिकाको जीवनमा पारेको प्रभावलाई बुझ्न सहयोग गर्दछ ।

## बालबालिकाको सहभागिता र आवाज

वर्ल्ड भिजन र स्थानीय साझेदार संस्थाहरूद्वारा सञ्चालित परियोजनाहरूमा दर्ता भएका बालबालिकाको सहभागितालाई सुनिश्चित गर्नुपर्ने हुन्छ । यसप्रकारका बाल सहभागिताको कारण बालबालिकाहरूले अवसर प्राप्त गर्दछन्, जीवनमा सफल हुनको लागि आवश्यक सीप सिक्ने मौका पाउँदछन् साथै उनीहरूले आफूमा भएका सम्भावना तथा विभिन्न खाले प्रतिभाहरु प्रष्फुटन गर्ने अवसर पनि प्राप्त गर्दछन् । बालबालिकाहरु जति धेरै सहभागी हुन्छन्, यसले जीवनमा उनीहरूलाई त्यति नै धेरै अवसरहरु प्रदान गर्दछ । यस प्रकारका सहभागिताद्वारा नै बालबालिकाले आफूलाई असर पार्ने सवालहरूको बारेमा बुझ्न र यस्ता सवालहरूको विषयमा निर्णय गर्दा आत्म-विश्वासपूर्ण कदम चाल्न सक्दछन् । जसले अन्ततः उनीहरूको समृद्धिमा योगदान पुऱ्याउँछ, र यो स्पोन्सरशीप कार्यक्रमको एक प्रमुख लक्ष्य पनि हो ।

## समुदाय स्पोन्सरशीप [Community Sponsorship]

जब कुनै स्पोन्सर अथवा स्पोन्सरहरूको समूहद्वारा कुनै समुदायलाई नै स्पोन्सर गर्ने प्रतिबद्धता जनाईन्छ, वर्ल्ड भिजनले उनीहरूको योगदानबाट उक्त समुदायमा एकीकृत परियोजनाहरु संचालन गर्नको लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गराउन मद्दत गर्दछ । जसले समुदायका बालबालिकाहरूले भोगिरहेका समस्याहरूलाई सम्बोधन गर्न तथा उनीहरूको लागि सुन्दर भविष्यको सृजना गर्न मद्दत पुऱ्याउँदछ । यस प्रकारको स्पोन्सरशीपमा बालबालिकाहरु दर्ता गर्ने तथा बालबालिकाले स्पोन्सरसँग चिठ्ठीपत्र, फोटो तथा भिडियोहरूको आदान प्रदान गर्ने कार्य भने गर्नु पर्दैन । तथापि वर्ल्ड भिजनले स्पोन्सरहरूले चाहेको जस्तो ढाँचामा समुदायबाट नियमित रूपमा प्रगति विवरण र परियोजनाहरूले पारेको प्रभावको बारेमा अद्यावधिक सूचनाहरु भने निरन्तर रूपमा प्रदान गर्नुपर्दछ ।

## बाल स्पोन्सरशीप व्यवस्थापनमा समुदायको भुमिका

बाल स्पोन्सरशीप कार्यक्रमको संचालन तथा व्यवस्थापनमा समुदायको अत्यन्तै महत्वपूर्ण भूमिका रहन्छ । तल उल्लेखित कार्यहरूमा समुदायको महत्वपूर्ण भूमिका अपेक्षा गरिएको हुन्छ :

- बाल स्पोन्सरशीप कार्यक्रममा बालबालिकाहरु दर्ता गर्न छनौट गर्ने स्थानीय मापदण्डहरु तयार गरी अति विपन्न परिवारका बालबालिकाहरु पहिचान तथा छनौट गर्न ।
- बाल स्पोन्सरशीप कार्यक्रममा दर्ता गरिएका बालबालिकाका बाल संरक्षण सम्बन्धी घटना घटेमा वा कुनै आकस्मिक दुर्घटनामा परेमा, जोखिमपूर्ण स्वास्थ्य अवस्थाबाट गुज्रेमा अथवा मृत्यु भएमा स्थानीय साझेदार संस्थाका कर्मचारी मार्फत तुरुन्त वर्ल्ड भिजनलाई खबर गर्न ।
- आफ्ना समुदाय वरिपरि रहेका बालबालिकाको नियमित अनुगमन तथा बालबालिकालाई प्रभाव पार्ने संवेदनशील सवालहरूको सम्बोधनमा पहल गर्न ।
- परियोजनाका सान्दर्भिक क्रियाकलापमा दर्ता गरिएका बालबालिकाको सहभागिता सुनिश्चित गर्न, साथै दर्ता भएका बालबालिकाको वर्ल्ड भिजन तथा स्थानीय साझेदार संस्थाले सञ्चालन गर्ने कार्यक्रमहरूमा अझै प्रभावकारी तरीकाले संलग्न गराउन निरन्तर सल्लाह र सुझावहरु प्रदान गर्न ।

समुदायमा विभिन्न कार्यक्रमहरु हुँदा वर्ल्ड भिजनका कर्मचारीहरूलाई प्रत्यक्ष रूपमा सल्लाह सुझावहरु दिनुहुन वा शुल्क नलाग्ने टेलिफोन नम्बर **१६६००१०००१४** मा फोन गरी आफ्ना सल्लाह, सुझाव तथा गुनासोहरु टिपाउनुहुन अनुरोध छ ।

यहाँहरूको सल्लाह तथा सुझावहरु बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न वर्ल्ड भिजन इन्टरनेशनल नेपाल तथा यसका स्थानीय साझेदार संस्थाको लागि अति महत्वपूर्ण हुनेछन् ।

SCAN HERE FOR SOCIALS